# नदीको राजमार्ग लघुकथासङ्ग्रहमा अन्त्य व्यवस्थापन

**भूमिराज बस्ताकोटी, पिएचडी**
**Email :** bhumiraj2036@gmail.com
https://doi.org10.3126/kanyaj.v6io1.87724
https : //orcid.org/0009-0003-5648-4614

**सार**

प्रस्तुत लेख *नदीको राजमार्ग* लघुकथासङ्ग्रहमा अन्त्य व्यवस्थापनसँग सम्बन्धित रहेर तयार पारिएको छ । अन्त्य व्यवस्थापन लघुकथाको अति महत्त्वपूर्ण पाटो रहेकाले यस्तो शीर्षक चयन गरिएको हो । *नदीको राजमार्ग* लघुकथासङ्ग्रहमा अन्त्यको व्यवस्थापन कसरी गरिएको छ ? भन्ने मूल शोधप्रश्न लिएर यसमा अध्ययन गरिएको छ । सङ्ग्रहमा प्रस्तुत अन्त्य व्यवस्थापनका पद्धतिको विश्लेषण गर्दै त्यसको प्रभावकारिताको चित्रण गर्नु यसको खास उद्देश्य हो । लघुकथासङ्ग्रहको चयन तथा त्यसभित्रका लघुकथाको चयनमा सोद्देश्यमूलक नमुना छनोट विधि अवलम्बन गरिएको छ । गुणात्मक अनुसन्धान ढाँचाभित्र रही पाठविश्लेषण विधिको उपयोग यसमा गरिएको छ । नेपाली समालोचनामा अन्त्य व्यवस्थापनका मूलतः खुला र बन्द गरी दुई प्रकार उल्लेख गरिएकामा पूर्व अध्येताका पुस्तक तथा शोधलेखबाट तिनको सैद्धान्तिक आधार लिँदै अन्य छ प्रकारका अन्त्य व्यवस्थापनको अवधारण यसमा प्रस्तुत गरेर लघुकथाको विश्लेषण गरिएको छ । *नदीको राजमार्ग* लघुकथासङ्ग्रह अन्त्य व्यवस्थापनका दृष्टिले विविधतामय बन्दै केही कमजोरीका बाबजुद लघुकथाको चोटिलो वा झड्कामय प्रभावकारिता कायम राख्न सफल देखिएको छ भने अन्य लघुकथासङ्ग्रहमा अन्त्यका थप सम्भावना हुनसक्नेतर्फ ध्यान दिँदै नेपाली समालोचनाले विमर्शलाई अघि बढाउनुपर्ने निष्कर्ष यस शोधलेखमा प्रस्तुत गरिएको छ ।

**मुख्य पदपदावली :** अन्त्य व्यवस्थापन, खुला अन्त्य, बन्द अन्त्य, लघुकथासङ्ग्रह, व्यङ्ग्यात्मक अन्त्य ।

## विषयपरिचय

*नदीको राजमार्ग* (२०८०) दीपक समीपकृत लघुकथासङ्ग्रह हो । सङ्ग्रहमा विविध विषयका ६६ वटा लघुकथा सङ्गृहीत छन् । आकारगत विविधता देखिने यी लघुकथामा मूलतः राजनीतिक, सामाजिक, आर्थिक, वैयक्तिक आदि क्षेत्रसँग सम्बन्धित विषय समेटिएका छन् ।

अन्त्य व्यवस्थापन लघुकथामा अत्यन्तै महत्त्वपूर्ण मानिन्छ । लघु आयामको हुने भएकाले यसको संरचना क्रमशः तीव्रतर हुँदै अन्तिममा झड्का दिने खालको हुनु आवश्यक देखिन्छ । अन्त्यलाई अनेक प्रकारले उपयोग गरेको देखिए पनि नेपाली समीक्षामा मूलतः बन्द र खुला गरी दुई प्रकारका भएको उल्लेख पाइन्छ । बन्द अन्त्यभन्दा खुला अन्त्य भएका लघुकथालाई बढी प्रभावकारी मानिन्छ । यस अध्ययनमा सैद्धान्तिक रूपमा उल्लिखित दुई आधारबाहेक अवधारणात्मक रूपमा अन्य छ आधारहरू प्रस्तुत गरी लघुकथाको विश्लेषण गरिएको छ ।

नदीको राजमार्ग लघुकथासङ्ग्रहमा अन्त्य व्यवस्थापन कसरी गरिएको छ भन्ने शोधप्रश्न यस अध्ययनको मूल समस्या हो भने अन्त्य व्यवस्थापनका अवस्थालाई देखाउँदै त्यसको प्रभावकारिताको विश्लेषण गर्नु यस अध्ययनको खास उद्देश्य हो ।

नदीको राजमार्ग लघुकथासङ्ग्रहका बारेमा विभिन्न पत्रपत्रिकामा केही लेख प्रकाशित भएका देखिन्छन् । ईश्वरमणि अधिकारी (२०८०), भरतकुमार भट्टराई (२०८०), हिमलाल श्रेष्ठ (२०८०), ज्ञानु अधिकारी (२०८०), रमेशचन्द्र घिमिरे (२०८०), जनार्दन दाहाल (२०८०), लक्ष्मण थापा (सन् २०२४), तीर्थराज अधिकारी (२०८१), खेमराज पोखरेल (२०८१), लिली अधिकारी (२०८१) ले सङ्ग्रहका बारेमा पुस्तक समीक्षा प्रकाशित गरेका छन् । यीमध्ये बन्द र खुला अन्त्यका बारेमा सूचना दिने काम भरतकुमार भट्टराईबाट भएको छ भने लिली अधिकारीले विम्बात्मक, खुला र आलङ्कारिक अन्त्यको प्रयोग भएको उल्लेख गरेबाहेक अन्यले अन्त्यका बारेमा खासै चर्चा गरेको नदेखिएकाले यसले अनुसन्धान रिक्ततालाई देखाएको छ । लघुकथामा अन्त्य व्यस्थापनले नै यसको प्रभावकारिता सिद्ध गर्ने भएकाले अन्त्य व्यवस्थापनलाई लिएर अध्ययन गर्न लागिएको यसको औचित्य स्वतः पुष्टि हुन्छ ।

गुणात्मक अनुसन्धान ढाँचा अवलम्बन गरिएको यसमा पाठविश्लेषण विधि अपनाइएको छ । *नदीको राजमार्ग* लघुकथासङ्ग्रह यस अध्ययनका लागि प्राथमिक सामग्री हो । पूर्वकार्यको समीक्षा तथा अन्त्य व्यवस्थापनको सैद्धान्तिक आधार निर्माण गर्न लिएका पुस्तक, जर्नल तथा पत्रपत्रिकाहरू यस अध्ययनका लागि द्वितीयक सामग्री हुन् । अन्त्य व्यवस्थापनको विश्लेषणका लागि उपयोग गरिएका लघुकथालाई सोद्देश्यमूलक नमुना छनोट विधिबाट चयन गरिएको हो । सन्दर्भाङ्कनका सन्दर्भमा एपिए (सातौँ संस्करण) शैलीलाई नेपाली अनुकूलनसहित प्रयोग गरिएको छ । साक्ष्यका रूपमा लघुकथाबाट लिइएका अंशको वर्णविन्यास (मूलतः तद्भव शब्द) लेखमा अपनाइएको वर्णविन्याससँग तादाम्य हुने गरी प्रस्तुत गरिएको छ । अन्त्य व्यवस्थापनबाहेक अन्य कुनै पनि कोणबाट लघुकथाहरूको विश्लेषण नगर्नु यस शोधलेखको सीमा हो ।

## सैद्धान्तिक तथा अवधारणात्मक आधार

अन्त्य व्यवस्थापन लघुकथाको महत्त्वपूर्ण पक्ष हो । लघुकथामा घटनाको विकास तीव्रतर हुँदै जाने र सङ्क्षिप्तताभित्र सघनता उपस्थित गर्नुपर्ने भएकाले कथामा जस्तो सङ्घर्षह्रास हुँदै उपसंहार वा अन्त्यतर्फ जाने अवस्था यसको रहँदैन (बस्ताकोटी, २०८०, पृ. १२७) । यसको अन्त्य आकस्मिक रूपमा हुनु आवश्यक देखिन्छ । विना कुनै अन्य आधार तीव्र गतिमा अन्त्य हुने विशेषताका कारण नै लघुकथा कथाभन्दा भिन्न हुने गर्दछ (अग्रवाल, सन् २००८) । तसर्थ अन्त्य व्यवस्थापन लघुकथाका सन्दर्भमा अत्यन्तै महत्त्वपूर्ण देखिएको छ ।

लघुकथाको अन्त्य व्यवस्थापन मूलतः दुई किसिमले गरिने चर्चा नेपाली समालोचनामा पाइन्छ । लक्ष्मणप्रसाद गौतम (२०७२), लक्ष्मण अर्याल (सन् २०२१) ले बन्द वा संवृत्त र खुला वा विवृत्त गरी दुई अन्त्यको चर्चा गरेका छन् । विश्लेष्य *नदीको राजमार्ग* लघुकथासङ्ग्रहको समीक्षाका क्रममा भट्टराई (२०८०) ले पनि त्यसलाई स्वीकार गरेको देखिन्छ । कसजु (?), श्रेष्ठ (२०७२) ले चातुर्यपूर्ण अन्त्य तथा नाटकीय अन्त्यको अनिवार्यता भनेर चर्चा गरे पनि प्रकार भने उल्लेख गरेको पाइँदैन । यस्तै धारणा अग्रवाल (सन् २००८) र ममता देवी (सन् २०१७) को पनि रहेको छ । उनीहरूले पनि प्रकार उल्लेख नगरी आकस्मिक अन्त्यलाई जोड दिएको पाइन्छ । यसै सन्दर्भमा सिके ग्रिनले १० प्रकारका अन्त्यको प्रस्ताव गरेको देखिन्छ । १० भन्दा अरू प्रकारका अन्त्य पनि हुनसक्नेतर्फ सङ्केत गर्दै आफ्नो अध्ययनले लघुकथाका अन्त्य १० प्रकारका देखिएको चर्चा उनले गरेका छन् (ग्रिन, सन् २०२२) । उक्त प्रकारको चर्चा गर्ने क्रममा उनले खुला र बन्द अन्त्यलाई एक एक प्रकार मानेको देखिन्छ ।

विश्लेष्य *नदीको राजमार्ग* लघुकथासङ्ग्रहको अध्ययनबाट बन्द र खुला गरी दुई प्रकारबाट मात्र विश्लेषण गर्दा अपूर्ण हुने अवस्था देखिएकाले थप छ अन्त्यको अवधारणा निर्माण गरिएको छ । बन्द र खुला अन्त्यको सैद्धान्तिक आधार लिदैँ बाँकी छको अवधारणा निर्माण गरिएको हो । त्यस क्रममा व्यङ्ग्यात्मक, ट्विस्ट वा पल्टीमार, प्रतीकात्मक वा लाक्षणिक, विम्बात्मक, भावात्मक तथा प्रश्नात्मक अन्त्यको अवधारणा विमर्शका सन्दर्भमा प्रस्तुत गर्दै विश्लेषण गरिएको छ ।

## विमर्श

*नदीको राजमार्ग* लघुकथासङ्ग्रहमा जम्मा ६६ वटा लघुकथा सङ्गृहीत छन् । उक्त लघुकथासङ्ग्रहको अन्त्य व्यवस्थापनमा विविधता देखिएको छ । झट्ट हेर्दा बन्द ढाँचाका जस्ता देखिने व्यङ्ग्यात्मक अन्त्य भएका लघुकथाको बाहुल्य रहेको यस सङ्ग्रहमा अन्त्य व्यवस्थापन निम्न ढाँचाबाट भएको देखिन्छ :

### खुला/विवृत्त अन्त्य

खुला अन्त्य मूलतः लघुकथाको अर्थसँग सम्बन्धित भएर आउने गर्दछ । अङ्ग्रेजीमा ओपन इन्डिङ भनिने यसले अर्थलाई खुला राखेर पाठकलाई निर्णय दिने अधिकार सिर्जना गर्दछ (गौतम, २०७२, पृ. १२२) । खुला अन्त्यमा अर्थका विविध सम्भावना रहन्छन् र पाठकले आफ्नो क्षमताअनुसार त्यसमा अर्थ भर्न सक्दछ । *नदीको राजमार्ग* लघुकथासङ्ग्रहमा खुला अन्त्य भएका ‘गुदी’, ‘नदीको राजमार्ग’, ‘उपदेश’, ‘समाज’ जस्ता केही लघुकथा सङ्गृहीत छन् । साक्ष्यका रूपमा शीर्षक कथालाई यहाँ चयन गरिएको
छ :

> बर्खामास नदी उर्लियो । सधैँ एकनास बगिरहेको नदी यसपालि भने ठाउँ छाडी नजिकैको डाँडाको आड लगाएर कुनाबाट बग्यो । पहिले नदी बगेको ठाउँ अहिले खुला बगर बन्यो । तर त्यसले त्यत्तिकै रहन पाएन । मानिसहरूबिच उक्त भूभाग हडप्ने प्रतिस्पर्धा सुरु भयो । सक्नेले आफ्नो जग्गाको क्षेत्रफल बढाउँदै लगे । नसक्नेहरू रिस दबाएर बसे । यस्तैमा मुखिया र जमिनदारबिच विवाद पऱ्यो ।
>
> मुखिया : “यो भूभाग मेरा बाउबाजेको हो । त्यसैले यो जग्गा मैले मात्र उपभोग गर्न पाउनुपर्छ ।”
>
> जमिनदार : “यो जग्गा तेरा बाउबाजेको हुँदै होइन । बरु मेरा बाजेले तेरा बाजेलाई कमाइ गरेर खा मात्र भनेका हुन् । तर जग्गा चाहिँ मेरा बाजेको हो । त्यस कारण यो जग्गा मेरो हुनुपर्छ ।”
>
> यस प्रकारले दुई पक्षबिच विवाद झन् चर्कँदै गयो र मारपिटसमेत भयो । तैपनि झगडा सुल्झिएन । उनीहरू अदालतको ढोका ढकढक्याउन पुगे । तर दुबै पक्षबाट बलिया तर्क र प्रमाण पेस नभएकाले समस्या झन्झन् लम्बिँदै गयो । यसरी कयौँ हिउँद-बर्खा बिते र प्रशस्त धनसम्पत्ति पनि खर्च भयो । तर मुद्दाको छिनोफानो भने भएन । तथापि दुबैले भित्रभित्रै उक्त जग्गा आफ्नो हुने सपना देखिरहे ।
>
> यस्तैमा, एक बर्खा उक्त नदी एकतमासले उर्लेर ठाउँ छाडी फेरि पहिलेकै ठाउँबाट बग्न सुरु गऱ्यो । दुबै झगडिया जिल्ल परे !
>
> भोलिपल्ट अदालततमा उनीहरूको तारिख थियो । (पृ. ३९)

यस लघुकथामा अन्तिमका तीन वाक्यमा अन्त्यको व्यवस्थापन गरिएको छ । नदीले धार परिवर्तन गरेपछि बनेको बगरका विषयलाई लिएर मुखिया र जमिनदारबिच झगडा सुरु भयो । झगडा अदालतसम्म पुग्यो । अदालतमा छिनोफानो हुन लामो समय लाग्दा दुबैको धेरै समय र सम्पत्तिको नाश भयो । यहाँसम्म लघुकथा तीव्रतर विकास हुँदै रोचकता र कौतुहल निर्माण गरेर अगाडि बढेको देखिन्छ । त्यस्तैमा एक बर्खा नदी बगिरहेको ठाउँ छाडी पहिलेकै ठाउँबाट बग्न थालेपछि कथाले निकै रोचक मोड लिन्छ । दुबै झगडिया जिल्ल पर्छन् । भोलिपल्ट अदातलमा उनीहरूको तारिख हुन्छ ।

अदालतमा दुबै झगडियाको तारिखको जानकारी दिँदै टुङ्गिएको कथाले अर्थलाई खुला राखेको छ । अब उनीहरू के गर्छन् भन्ने प्रश्नको उत्तर यसमा दिइएको छैन । मुद्दालाई बिचैमा छाड्ने, आपसमा मिल्ने, मुद्दा निरन्तर गर्ने, अर्को बर्खासम्म कुर्ने ... यस्ता अनेक अर्थतर्फ पाठक आकर्षित हुन्छ र अर्थबारे निर्णय गर्न ऊ स्वतन्त्र हुन्छ । तसर्थ नदीको राजमार्ग शीर्षक लघुकथामा खुला अन्त्यको उपयोग भएको देखिन्छ ।

खुला अन्त्य भए पनि अन्तिम दुई वाक्य नराखेका भए यस लघुकथाको अन्त्य अझ प्रभावकारी हुने अवस्था भने यहाँ विद्यमान देखिन्छ । नदीले पुरानै धारबाट बग्न सुरु गरेको जानकारी नै यसको राम्रो अन्त्य हुने थियो । त्यसपछि झगडिया जिल परेको कुराले बन्द अन्त्यको अवस्थातिर कथालाई लगे पनि फेरि भोलिपल्टको तारिखको सन्दर्भले अन्त्यलाई पुनः खुला गराएर लघुकथाको अन्त्य व्यवस्थापनको सौन्दर्य कायमै राख्न सफल भएको छ ।

**बन्द/संवृत्त अन्त्य**

बन्द वा संवृत्त अन्त्य भन्नाले अर्थगत सम्भावनातर्फ लघुकथालाई नलगी निश्चित अर्थमा टुङ्ग्याउनु भन्ने बुझिन्छ । सामान्यतया लघुकथाकारले रहस्यको पटाक्षेप नगरिकनै वा पटाक्षेपपछि पनि आफ्नो निणर्य दिएर लघुकथा टुङ्ग्याउँदा यस्तो अन्त्य हुन जान्छ (गौतम, २०७२, पृ. ११९) । कथामा संवृत्त अन्त्यले प्रभावपरकतामा फरक नपारे पनि लघुकथामा भने यस्तो अन्त्यले शक्तिलाई क्षीण बनाउँछ र लघुकथा प्रभावहीन हुन पुग्छ । अझ कतिपय लघुकथामा समग्र विन्यास आकर्षक र प्रभावशाली भएर पनि टुङ्ग्याउनुपर्ने ठाउँमा नटुङ्ग्याएर लघुकथालाई अनावश्यक तन्काई संवृत्त समापन गराउँदा फितलो बनेका उदाहरण प्रशस्त भेटिन्छन् । *नदीको राजमार्ग* लघुकथासङ्ग्रहमा पनि 'इन्कार', 'ऋण' लगायत केही यस्ता लघुकथा सङ्गृहीत छन् । 'बन्द विचार' शीर्षक लघुकथालाई साक्ष्यका रूपमा प्रस्तुत गरिएको छ :

> उजेली र चमेली मन मिल्ने छिमेकी थिए । बाहिरबाट हेर्दा मित्रता राम्रै हो भन्नुपर्छ हामी देख्नेहरूले पनि । घाँसदाउरा र मेलापात गर्दा प्रायः सँगसँगै देखिन्थे उनीहरू । तर अचानक एक दिन खोइ केमा हो मनमुटाव भएर बोलचालै बन्द भएको भन्ने सुनियो । एउटै गाउँठाउँ भएकाले बेलामौका बाझाबाझ गरेको त हामीले पनि सुन्यौँ । मान्छे मन परेपछि जे बोले पनि, जे भने पनि राम्रै लाग्दोरहेछ । मान्छे मन नपरेपछि राम्रै भने पनि नराम्रो लाग्दोरहेछ । ससानो घच्चोपच्चो पनि सहन गाह्रै परिरहेको छ अहिले उनीहरूलाई ।
>
> आज एकाबिहानै उजेली फतफताएको सुनियो– "हेप्नुको पनि एउटा हद हुन्छ नि गाँठे ! घरमा लोग्नेमान्छे छैन भन्दैमा कति विधि हेप्न सकेका सक्न पनि ? हुँदाहुँदा अब त त्यसका घरका पशुले समेत हेप्न थाले, ए रात्तै !"

उसले अझै थपी– “त्यस घरको राँगो आउँछ- मेरै भैँसीमाथि उक्लन्छ । त्यस घरको बोको आउँछ; मेरै बाख्रीको अगाडि पछाडि सुँघ्छ । हुँदाहुँदा त्यसको जाबो कुखुराको भालेसमेत आएर मेरै घरको पोथीलाई लखेट्छ बा ! ए पातर्नी, अब त तेरो पोइलाई पनि यतै पठा... ! त्यही एउटा मात्र आउन बाँकी छ ।”

प्रेसरको पारो दिमागसम्म सर्केपछि के भन्न हुन्थ्यो के भन्न हुँदैनथ्यो उजेलीले ख्याल गरिन । रिसको चस्माले झन् आँखा देख्नसमेत नसक्ने भई ।

चमेली पनि के कम ! फरिया उचाल्दै पाखुरा सुर्कन थाली : “ए चोथाले ! कति उफ्रन सकेकी बिहानबिहानै ? च्यात्दिऊँ तेरो मुखसुख ? के सोचेइछेस् मेरो लोग्नेलाई, पशु हो र ?”

यता हर्केले भने भित्रभित्रै उजेलीसम्म पुग्ने योजना बुनिसकेको थियो । (पृ. २०)

उपर्युक्त लघुकथामा उजेलीको मनोविज्ञान प्रस्तुत गरिएको छ । उजेली र चमेलीको मित्रतादेखि उनीहरूको मनमुटाव तथा उजेलीको उग्रता क्रमशः तीव्रतर विकास हुँदै अगाडि बढेको छ । आफूलाई हेप्न थालेको महसुस गरेकी उजेलीले हेपिएको महसुस गराउने घटनाहरू बताउँदै ‘अब त तेरो पोइलाई पनि यतै पठा ... ! त्यही एउटा मात्र आउन बाँकी छ !’ भन्ने वाक्यले लघुकथामा चरमोत्कर्षको कार्य गरेको छ । लघुकथालाई यहीँ समापन गरेका भए यसले उजेलीको यौनमनोविज्ञानसँगै चमेली र उसको श्रीमान्को प्रतिक्रियाका अनेक अर्थ लाग्ने सम्भावना बाँकी रहन्थ्यो र कथा मारक बन्ने थियो । तर त्यसपछि उजेलीले रिसमा भनेको, चमेलीले जवाफ फर्काएको तथा हर्केले उजेलीसम्म पुग्ने योजना बनाएको घटना थप भएकाले कथामा त्यो कौतुहल समाप्त भई बन्द समापन हुन गएको छ र यसले लघुकथाको मारकीय क्षमतामा ह्रास ल्याएको देखिन्छ ।

**व्यङ्ग्यात्मक अन्त्य**

व्यङ्ग्यको मारकतासहित अन्त्य गरिएमा त्यसलाई व्यङ्ग्यात्मक अन्त्य भनिन्छ । झट्ट हेर्दा कुनै बन्द तथा कुनै खुला अन्त्य जस्ता दखिने भए पनि यस्तो अन्त्यको आँतमा व्यङ्ग्य प्रधान बनेर आएको हुन्छ । व्यङ्ग्यात्मकताका कारणले लघुकथाको अन्त्यमा आउनुपर्ने प्रभावशाली मारक क्षमता यस्ता लघुकथामा भएको देखिन्छ ।

*नदीको राजमार्ग* लघुकथासङ्ग्रहका ‘संवाद’, ‘जनआन्दोलन’, ‘आस्था’ लगायत धेरै कथा व्यङ्ग्यात्मक अन्त्यका रहेका छन् । साक्ष्यका रूपमा ‘विकास’ शीर्षकको लघुकथा यहाँ उद्धृत गरिएको छ :

गाउँको खोलामा पक्की पुलको माग भयो । यो माग पहिलो पटक उठेको भने थिएन । पटक पटक गरिएको मागको निरन्तरता थियो । यसपालि कसो कसो सङ्घीय सरकारले सुन्यो र बजेट पास गरिदियो ।

पास गरेको बजेटबाट सङ्घीय सरकारले नै केही रकम झिकेर प्रदेश सरकारमा पठायो । प्रदेश सरकारले त्यहाँबाट केही रकम झिकेर गाउँपालिकामा पठायो । सो रकममध्येबाट केही आफैँसँग राखेर गाउँपालिकाले बाँकी रकम वडामा निकासा गर्‍यो । वडाले केही रकम आफूसँग राखेर बाँकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्‍यो । सो रकमबाट उपभोक्ता समितिले खोलामाथि काठको फड्के हाल्यो । (पृ ८०)

उपर्युक्त लघुकथाले नेपालमा हुने विकासको अवस्थाप्रति कडा व्यङ्ग्य प्रस्तुत गरेको छ। पक्की पुलको माग भएको र बजेट पास भइसकेपछि सङ्घीय सरकार हुँदै उपभोक्ता समितिसम्म पुग्दा काठको फड्के हालेको चित्रणले विकास निर्माणमा हुने चरम भ्रष्टाचारप्रति मारक व्यङ्ग्य प्रहार गरेको छ। अन्त्यमा आएको 'काठको फड्के' व्यङ्ग्यात्मकताको चरम बनेको छ र यसले लघुकथाको अन्त्यलाई निकै मारक र प्रभावशाली बनाएको छ। तसर्थ व्यङ्ग्यात्मक अन्त्य पनि लघुकथाको प्रभावशाली अन्त्य व्यवस्थापन हो भन्ने यसबाट पुष्टि हुन्छ। सङ्ग्रहमा सङ्गृहीत थुप्रै यस्तो अन्त्य भएका लघुकथाले पनि त्यसलाई पुष्टि गर्दछन्।

**प्रतीकात्मक/लाक्षणिक अन्त्य**

मूलतः प्रस्तुतबाट अप्रस्तुतप्रति लक्षित गरी अन्त्य गरिएमा त्यसलाई प्रतीकात्मक/लाक्षणिक अन्त्य भनिन्छ। यस्तो अन्त्यले पनि लघुकथाको मारक क्षमतालाई जिउँदो राख्ने काम गर्दछ। अर्थलाई सघन बनाएर पाठकलाई आकर्षित गर्न यस्तो अन्त्य उपयुक्त देखिन्छ।

*नदीको राजमार्ग* लघुकथासङ्ग्रहमा प्रतीकात्मक/लाक्षणिक अन्त्यका थुप्रै लघुकथा सङ्गृहीत छन्। 'हैसियत' जस्ता कतिपय लघुकथा त सिङ्गै प्रतीकात्मक पनि बनेका छन् (पृ. २२) भने 'सुरक्षा', 'ईर्ष्या', 'विनाश' लगायत केही लघुकथा प्रतीकात्मक/लाक्षणिक अन्त्यका देखिन्छन्। प्रतीकात्मक/लाक्षणिक अन्त्यको साक्ष्यका रूपमा 'सत्ता' शीर्षकको लघुकथा यहाँ प्रस्तुत गरिएको छ :

> जङ्गलबाट बरालिएर गाउँतिर पसेको बाँदरको हुलले बाटोमा एउटा वस्तु फेला पा-यो। फेला पार्ने बाँदरले वस्तुलाई ओल्टाई-पल्टाई हे-यो। उसलाई वस्तुको एकातिरको पाटो सामान्य लाग्यो भने अर्कातिरको पाटो विचित्रको लाग्यो। कस्तो विचित्रको भने, पानीमा हेर्दाको आफ्नै आकृति जस्तो तर एकदम चहकिलो। उसले सो वस्तु अर्कालाई देखायो। अर्कालाई पनि विचित्रको लाग्यो।
>
> यो खबर बाँदरको हुलभरि फैलियो। सबै जना सो वस्तु हेर्नलाई तँछाडमछाड गर्न लागे। नाइकेले सबैलाई आलोपालो गरेर हेर्न भन्यो तर कसैले पनि टेरेन। सबै त्यो अजिबको वस्तु हेर्नलाई खोसाखोस गर्न लागे। अन्ततः सो वस्तु भुइँमा खसेर चकनाचुर भयो! (पृ. ३४)

उपर्युक्त लघुकथा पूरै प्रतीकात्मक रूपमा आएको देखिन्छ। यसमा बाँदर नेताको प्रतीक र चहकिलो वस्तु सत्ता वा कुर्चीको प्रतीक बनेर सिङ्गो कथालाई रोचक बनाएका छन्। अझ अन्त्यमा खोसाखोसबाट चहकिलो वस्तु खसेर चकनाचुर हुनुले सत्ताको चरित्रलाई सङ्केत गरेको छ। आम रूपमा संसारभरि नै सत्ताका खेलहरू इतिहासदेखि वर्तमानसम्म चलखेल र लुछाचुँडीकै देखिए पनि यसको मूल लाक्षणिकता भने नेपाली राजनीतितिर लक्षित देखिन्छ। अस्थिर सरकार र त्यसका लागि भूमिका खेल्ने नेताहरूको चरित्रलाई यहाँ उदाङ्ग पारिएको छ। 'अन्ततः सो चहकिलो वस्तु भुइँमा खसेर चकनाचुर भयो' भन्ने अन्तिम वाक्य प्रतीकात्मक बन्दै यस्तै खेलमा अझै लागिरहेमा एक दिन देशको अस्तित्व नै समाप्त हुनेतर्फ लक्षित देखिन्छ। यसले लघुकथाको मारकता र प्रभावकारिता चुस्त राखेको पाइन्छ। तसर्थ प्रतीकात्मक अन्त्य लघुकथाको अर्को शक्तिशाली अन्त्य व्यवस्थापन हो भन्ने पुष्टि हुन्छ।

**ट्विस्ट/पल्टीमार अन्त्य**

अप्रत्याशित वा नाटकीय अन्त्य भएमा त्यसलाई ट्विस्ट वा पल्टीमार अन्त्य भनिन्छ। पाठकको अपेक्षा विपरीत आश्चर्यजनक परिणाम निम्त्याउनु यस अन्त्यको खास विशेषता हो। यस्तो अन्त्य

दुःखद, हास्यात्मक तथा कहिलेकाहीँ सुखद पनि हुन सक्छ (ग्रिन, सन् २०२२) । यस्तो अन्त्य भएका कथाले लघुकथाको रोचकतालाई सजीव बनाउन निकै सहयोग पुऱ्याउने देखिन्छ ।

विश्लेष्य लघुकथासङ्ग्रहमा 'भविष्य', 'ओखती', 'क्रान्ति' जस्ता केही ट्विस्ट अन्त्य भएका लघुकथा सङ्गृहीत छन् । साक्ष्यका रूपमा यहाँ 'अतृप्त' लघुकथा उद्धृत गरिएको छ :

> एकादेशका राजाले संसारकै सबैभन्दा सुन्दरी स्त्रीसँग विवाह गर्ने विचार गरे । त्यसका लागि सुन्दरताको कसी लगाउन पारङ्गत व्यक्तिलाई संयोजक चुनेर कामको जिम्मा लगाए ।
>
> संयोजकले विश्वभ्रमण गरेर बत्तिस लक्षणले युक्त विश्वभरिकै सबैभन्दा सुन्दर एक स्त्री खोजेर राजासामु पेस गरे । राजाले बडो धुमधामका साथ विवाह गरे । विवाहपश्चात् देशवासीहरूका लागि भोजको आयोजना पनि गरे । विवाहभोजमा संयोजक पनि श्रीमतीसहित उपस्थित भए । राजारानीलाई दाम चढाएर दर्शन गरे । संयोजककी श्रीमती देखेर राजा हेरेकोहेऱ्यै भए । विवाहभोज सकिएपछि रानी खोज्नलाई विशेष भूमिका खेलेकामा संयोजकलाई सम्मानपूर्वक सुनको चस्मा उपहार दिए ।

त्यसपछि संयोजकका दुबै आँखा फुटालिदिए । (पृ. ३६)

उपर्युक्त लघुकथामा कथानकको विकास तीव्रतर हुँदै जाँदा संयोजककी श्रीमती देखेर राजा हेरेकोहेऱ्यै हुनुले केही अप्रत्याशित घटना हुँदै छ भन्ने स्थितिको सङ्केत गरे पनि फेरि संयोजकलाई सम्मानपूर्वक सुनको चस्मा उपहार दिएर कथालाई अर्कातिर मोडिएको छ । लघुकथाको समापन सुखद हुने लक्षणसहित अघि बढेकामा अचानक संयोजकका आँखा फुटालिएको अन्त्यले लघुकथालाई ट्विस्ट वा पल्टीमार अन्त्यको बनाएको छ । यस्तो अन्त्यको लघुकथाले रोचकता र मारकतालाई निकै सजीव बनाएको देखिन्छ । तसर्थ ट्विस्ट अन्त्य पनि लघुकथाको एउटा प्रभावशाली अन्त्य व्यवस्थापन हो भन्ने पुष्टि हुन्छ ।

**विम्बात्मक अन्त्य**

अर्थगत सघनतालाई विम्बमार्फत प्रस्तुत गर्दै अन्त्य गरिएका लघुकथालाई विम्बात्मक अन्त्यका लघुकथा भनिन्छ । यसमा प्रस्तुतबाट अप्रस्तुत तथा अप्रस्तुतबाट प्रस्तुतलाई लक्षित गरी अर्थगत सघनता निर्माण गरिन्छ । यस अन्त्यमा अर्थको मारक क्षमता विद्यमान रहन्छ । विम्बले प्रस्तुत गरेका अनेक अर्थतर्फ पाठकलाई खिच्न सक्ने सामर्थ्य यस्तो अन्त्यमा हुन्छ ।

विश्लेष्य लघुकथासङ्ग्रहमा 'क्रमशः', 'फूल' जस्ता विम्बात्मक अन्त्यका केही लघुकथा सङ्गृहीत छन् । साक्ष्यका रूपमा 'फूल' शीर्षकको लघुकथा उद्धृत गरिएको छ :

> उसले खाई-नखाई गरेर दुःखसुखले एउटा चिटिक्कको घर बनायो । घर बनाएको केही समयपछि बिहे गरेर राम्री दुलही भित्र्यायो । बिहे गरेको वर्ष दिनपछि एउटी सुकुमारी कन्याको जन्म भयो । लक्ष्मीको आगमनले उसलाई घर अझै सुन्दर लाग्न थाल्यो । सुन्दरतालाई अझै निखार्न उसले घरमा रङरोगन गरायो । बगैँचा चिटिक्क बनायो । घर अझ सुन्दर बनाउन उसले दैलाअगाडि आँगनमा फूलको बिरुवा रोप्यो । बिरुवा हुर्कंदै गयो । घामपानी सहँदै सहँदै एक दिन सुन्दर फूल फुल्यो । आउनेजानेहरू उसको आँगनको फूललाई हेर्दै जान्थे । फूल साँच्चै नै मनमोहक तरिकाले फक्रिएको थियो । घरको शोभा नै भएको उक्त फूललाई उसले बडो जतनले जोगाइराखेको थियो ।

> एक बिहान ऊ पिँढीमा बसेर चिया पिउँदै थियो । एक जना अपरिचित मान्छे मन्दिर जाने बाटो सोध्दै उसको आँगनमा टुप्लुक्क आइपुग्यो । कुरैकुरामा अपरिचितले उक्त फूल टिपेर थालीमा राख्यो । अपरिचितको आकस्मिक हर्कतले ऊ झसङ्ग भयो र भयभीत नजरले आफ्नी कलकलाउँदी छोरीतिर पुलुक्क हेऱ्यो । (पृ. १०)

उपर्युक्त लघुकथाको अन्त्य विम्बात्मक रहेको छ । चाक्षुष विम्बको उपयोगद्वारा अन्त्य प्रभावशाली बनेको देखिन्छ । बाटो हिँड्ने अपरिचितले फूल टिपेर थालीमा राखेपछि भयभित नजरले आफ्नी छोरीतर्फ पुलुक्क हेरेको बाबुको अवस्थाले छोरीहरूको असुरक्षा, हिंसा, परम्परा, करुणा आदि एकैसाथ अभिव्यञ्जित भएका छन् । यसरी विम्बले अनेक अर्थतर्फ अभिलक्षित गर्दै लघुकथाको अन्त्यलाई मारक र प्रभावशाली बनाएको देखिन्छ । तसर्थ विम्बात्मक अन्त्य पनि लघुकथाको अर्को शक्तिशाली अन्त्य व्यवस्थापन हो भन्ने पुष्टि हुन्छ ।

**भावात्मक अन्त्य**

कुनै भाव विशेषलाई जोड दिँदै अन्त्य गरिएका लघुकथालाई भावात्मक अन्त्यका लघुकथा भनिन्छ । यस्तो अन्त्यमा करुणा, रिस, आवेग, रति, सम्मान आदि विविध भाव अनुभूत हुने गरी लघुकथालाई टुङ्ग्याइन्छ । यस्तो अन्त्य भएका लघुकथाले पाठकलाई मारक झड्का नदिए पनि भावको गहिराइले दिने आनन्द भने प्रस्तुत गरेका हुन्छन् ।

विश्लेष्य सङ्ग्रहमा केही कथा भावात्मक अन्त्यका देखिन्छन् । साक्ष्यका रूपमा 'सालिक' शीर्षकको लघुकथा यहाँ उद्धृत गरिएको छ :

> देशमा जनताको शासन हुनुपर्छ र निरङ्कुश सत्ता ढलाउनुपर्छ भनेर आन्दोलन भयो । सुरुमा फाट्टफुट्ट सङ्ख्यामा देखिएका आन्दोलनकारीहरू क्रमशः बढ्दै गएर भिडले जनसागरको रूप लियो । गाउँदेखि सहरसम्म जतातत्तै नारा-जुलुस घन्किए । सरकारले आन्दोलन दबाउन सडकमा सेना उताऱ्यो । सेना उतार्दैमा जनता के डराउँथे र ? जनआन्दोलन रोकिएन, बरू अझै तीव्र गतिमा बढ्दै गयो । सरकार कर्फ्यु लगाउँथ्यो । आन्दोलनकारीहरू त्यसलाई तोडेर जुलुस निकाल्थे ।
>
> एक दिन बजारको मुख्य चोकमा सेना र आन्दोलनकारीबिच घम्साघम्सी भयो । सेनाले गोली चलायो । एक जना आन्दोलनकारी ठहरै भयो । अरू थुप्रै घाइते भए । यो घटनाले आन्दोलन झन् पेट्रोल हालेको आगोमा झैँ राँक्किँदै गयो । जनताको अदम्य साहसले आखिर सत्ता पल्टिएरै छोड्यो ।
>
> देशमा गणतन्त्र आयो । जनताको सरकार बन्यो । आन्दोलनमा सहिद भएको व्यक्तिको सम्मानमा बजारको मुख्य चोकमा सालिक राखियो ।
>
> आज चोकतिर एउटा कामले हिँडिरहेको थिएँ । अकस्मात् पानी पऱ्यो । छाता नलिईकन निस्केको म चोकको एउटा कुनामा ओत लगाएर बसिरहेको थिएँ । झमझम पानीमा उताबाट मेरी भाउजू छाता ओढेर आइरहनुभएको देखेँ । सरासर आउनुभएको भाउजू सालिकको अघि रोकिनुभयो । एकटकले सालिकलाई हेरिरहनुभयो । के सोचेर कुन्नि आफूले ओढिरहेको छाता सालिकलाई ओढाइदिनुभयो ।
>
> त्यो सालिक जनआन्दोलनमा गोली खानुभएका मेरा दाजुको थियो । (पृ.८१)

उपर्युक्त लघुकथामा अकस्मात् पानी परेपछि म पात्रकी भाउजूले सालिकलाई छाता ओढाएको निकै मार्मिक सन्दर्भ प्रस्तुत गरिएको छ। 'त्यो सालिक जनआन्दोलनमा गोली खानुभएका मेरा दाजुको थियो' भन्ने वाक्यबाट लघुकथाको अन्त्य भएको यसमा करुणा र सम्मानको भावलाई उच्च स्थानमा पुऱ्याइएको छ । आफ्नो पति आन्दोलनमा सहिद भएपछि उनीभित्र रहेको प्रेम र सम्मान यहाँ छाता ओढाउनुमार्फत अभिव्यक्त भएको देखिन्छ। सँगै त्यस्तो जानकारीपछि पाठकमा भने सहिदप्रति सम्मान र सहिदपत्नीप्रति करुणा भाव जगाउन लघुकथा सक्षम देखिन्छ। यसर्थ भावात्मक अन्त्यका लघुकथाले झड्कायुक्त मारकता प्रदान नगरे पनि भावको गहिराइले प्रभावशाली हुन्छन् भन्ने देखिएको छ ।

**प्रश्नात्मक अन्त्य**

प्रश्नसहित अन्त्य भएका लघुकथालाई प्रश्नात्मक अन्त्यका लघुकथा भनिन्छ। यस्तो अन्त्यमा कथानकीय तीव्र विकाससँगै चरमोत्कर्षका रूपमा प्रश्न उठाउने गरिन्छ। त्यस्ता प्रश्नहरू व्यङ्ग्यात्मक वा लाक्षणिक रूपमा उत्तर आउने खालका हुन सक्छन् । अथवा प्रश्नले नै मारक अर्थसहित टुङ्ग्याउने भएकाले यस्तो अन्त्य भएका लघुकथा पनि प्रभावशाली हुन सक्ने देखिन्छन् ।

विश्लेष्य लघुकथासङ्ग्रहमा निम्न 'इकोसिस्टम' शीर्षकको एउटा लघुकथा प्रश्नात्मक अन्त्यको रहेको छ :

> कक्षामा विज्ञान पढाउँदै गर्दा सरले भन्नुभयो, "संसार इकोसिस्टममा चलेको छ ।" अझ विद्यार्थीहरूलाई सजिलोसँग बुझाउन सरले सूर्य, पानी, बादल र वर्षाको उदाहरण दिँदै भन्नुभयो, "सूर्यको तापले नदीनाला, तालतलाउ र सागरको पानी बाफ भएर बादल बन्छ । अनि सो बादल वर्षा भएर फेरि पानी बन्छ ।"
>
> सरले सर्प, भ्यागुतो र बिच्छीको उदाहरण दिँदै भन्नुभयो, "सर्पले भ्यागुतो खान्छ । भ्यागुताले बिच्छीलाई खान्छ र बिच्छीले सर्पलाई मार्छ ।"
>
> त्यसरी नै सरले घाँस, बाखा र बाघको उदाहरण दिनुभयो र भन्नुभयो, "यसरी हाम्रो इकोसिस्टम चलेको छ ।"
>
> इकोसिस्टम बारे पढ्दापढ्दै ऊ गहिरो सोचमा पस्छ, "बाखाले घाँस खान्छ तर घाँसले घाँस खाँदैन । बाघले बाखा खान्छ तर बाखाले बाखा खाँदैन । बाघले बाघ कहिल्यै खाँदैन । तर मान्छेले किन मान्छे खाइरहेछ ?" (पृ. ६४)

उपर्युक्त लघुकथामा 'तर मान्छेले किन मान्छे खाइरहेछ ?' भन्ने प्रश्नात्मक वाक्यसहित अन्त्य गरिएको छ । समग्र इकोसिस्टममा एउटाले अर्कालाई खाइरहेको सन्दर्भ प्रस्तुत गर्दै तर मान्छेले भने किन स्वजातीय मान्छे खान्छ ? भन्ने गम्भीर प्रश्नको उठान यसमा भएको छ। यसले एउटा मान्छे (व्यक्ति, समाज, देश ...) ले अर्को मान्छेलाई अनेक तरहले किन समस्यामा पारिरहेको छ भन्ने अर्थ ध्वनित गर्दछ । हत्या, हिंसा, डाह, युद्ध, प्रभुत्व आदि अनेक कारणतर्फ एउटा प्रश्न व्यञ्जित भएको छ र लघुकथा प्रभावशाली बन्न पुगेको छ । यस्तो प्रश्नात्मक अन्त्यका लघुकथा कम देखिए पनि यो लघुकथाको अन्त्य व्यवस्थापनको बलियो प्रकार हो भन्ने यस लघुकथाले पुष्टि गरेको छ ।

## निष्कर्ष

*नदीको राजमार्ग* लघुकथासङ्ग्रह अन्त्य व्यवस्थापनका दृष्टिले विविधतामय देखिएको छ । नेपाली समालोचनामा मूलतः बन्द र खुला गरी दुई अन्त्यको चर्चा गरे पनि त्यस दृष्टिबाट मात्र सङ्ग्रहका लघुकथा विश्लेषित हुन नसक्ने अवस्थाका कारण नै अन्य छ अन्त्यगत व्यवस्थालाई

अवधारणात्मक ढाँचाका रूपमा प्रस्तुत गरी सङ्ग्रहको विश्लेषण गरिएको हो । विश्लेषणबाट बन्द अन्त्यका कथाहरू प्रभावकारिताका दृष्टिले कमजोर हुन्छन् भन्ने मान्यता यसमा पनि घटित भएको देखिन्छ । खुला अन्त्यका कथाहरूले मस्तिष्कमा तरङ्ग पैदा गरी अर्थगत विविधतातर्फ पाठकलाई लान सक्षम देखिएका छन् । व्यङ्ग्यात्मक अन्त्यका कथाले मारकता प्रदान गरेको देखिन्छ भने ट्विस्ट वा पल्टीमार अन्त्यका कथाले पाठकलाई विस्मयमा पार्ने सामर्थ्य राख्दै रोचकता कायम गरेको देखिन्छ । त्यस्तै विम्बात्मक अन्त्यका कथाले पनि अर्थगत आयामलाई खुला राख्दै झड्का प्रदान गरेका छन् भने प्रतीकात्मक/लाक्षणिक कथाले प्रस्तुतबाट अप्रस्तुततर्फ सङ्केत गर्दै अर्थगत आयामलाई फराकिलो बनाएका छन् । भावात्मक तथा प्रश्नात्मक अन्त्यका कथा थोरै भए पनि तिनले लघुकथाको आकस्मिक अन्त्यको स्वाद क्षय नगरी फरक खालको अनुभूति पाठकलाई गराउन सक्ने सामर्थ्य प्रस्तुत गरेको देखिन्छ । समग्रमा *नदीको राजमार्ग* लघुकथासङ्ग्रह अन्त्य व्यवस्थापनका दृष्टिले विविधतामय बन्दै केही कमजोरीका बाबजुद लघुकथाको चोटिलो वा झड्कामय प्रभावकारिता कायम राख्न सफल देखिएको छ । अन्य लघुकथासङ्ग्रहमा अन्त्यका थप सम्भावना हुनसक्नेतर्फ ध्यान दिँदै नेपाली समालोचनाले विमर्शलाई अघि बढाउनुपर्ने देखिन्छ । साथै यस *नदीको राजमार्ग* लघुकथासङ्ग्रहको संरचनात्मक, विम्बात्मक, चरित्रविधानगत आदि कोणबाट पनि थप अध्ययन आवश्यक देखिन्छ ।

## सन्दर्भकृति सूची


अग्रवाल, बलराम (सन् २००८), लघुकथा की रचना-प्रकिया, गद्यकोश, http://gadyakosh.org/gk/

अधिकारी ईश्वरमणि (२०८०), 'नदीको राजमर्ग' हुँदै लघुकथाको सागरसम्म, साहित्यपोस्ट, https://sahityapost.com/top-news/135972/

अधिकारी, ज्ञानु (२०८०), लघुकथाको राजमार्गमा नवीन प्रयोग, नागरिक, https://nagariknews.nagariknetwork.com/arts/1428588-1709344868.html

अधिकारी, तीर्थराज (२०८१), नदीको राजमार्गमाथि एक दृष्टिकोण, नागरिक, https://nagariknews.nagariknetwork.com/arts/1432965-1713156076.html

अधिकारी, लिली (२०८१), यथार्थको धरातलमा 'नदीको राजमार्ग', नागरिक, https://nagariknews.nagariknetwork.com/arts/1463545-1738472319.html

अर्याल, लक्ष्मण (सन् २०२१), लघुकथामा अन्त्य व्यवस्थापन, सहिद स्मृति जर्नल, १०(७), ३३-४१, https://doi.org/10.3126/shaheedsmriti.v10i7.76621

कसजु, विनय (?), लघुकथा : गल्पदेखि झल्याँस्ससम्म, file:///C:/Users/DELL/Downloads/laghukatha_galpadekhi_jhalyassa_samma.pdf

गौतम, लक्ष्मणप्रसाद (२०७२), लघुकथाको रचनाविधान, लघुकथा समाज ।

ग्रिन, सिके (सन् २०२२), हाउ टु इन्ड अ स्टोरी : टेन इक्ज्याम्पल्स अन फ्ल्यास फिक्सन इन्डिङ, मिडियम, https://medium.com/@CK_Green/how-to-end-a-story-10-examples-of-flash-fiction-endings

घिमिरे, रमेशचन्द्र (२०८०), दीपक समीपको नदीको राजमार्गमाथि तैरिँदा, नागरिक, https://nagariknews.nagariknetwork.com/arts/1427292-1708227361.html

थापा, लक्ष्मण (सन् २०२४), पाठकको इजलासमा 'नदीको राजमार्ग', समकालीन साहित्य, https://www.samakalinsahitya.com/sahitya/details/8086

दाहाल, जनार्दन (२०८०, फागुन १६), लघुकथामा नवीन चेत : नदीको राजमार्ग, (गोष्ठीमा प्रस्तुत छलफलपत्र), ऱ्यान्डम रिडर्स सोसाइटीको १०५ औँ शृङ्खला, पोखरा, नेपाल ।
देवी, ममता (सन् २०१७), हिन्दी लघुकथा : स्वरूप, परिभाषा और तत्त्व, इन्टरनेसनल जर्नल अफ इन्फरमेसन मुभमेन्ट, २(८), २३१-२३५, https://www.ijim.in/files/2017/December/
पोखरेल, खेमराज (२०८०), 'नदीको राजमार्ग' मा समीपको शिल्प, नागरिक, https://nagariknews.nagariknetwork.com/arts/1436243-1716098272.html
बस्ताकोटी, भूमिराज (सन् २०२४), लघुकथा र कथाका साम्यवैषम्य, कन्या जर्नल ५(१), १२४-१३२, https://doi.org/10.3126/kanyaj.v5i1.71089
भट्टराई, भरतकुमार (२०८०), नदीको राजमार्ग लघुकथासङ्ग्रहको विश्लेषण, फित्कौली डट कम, https://www.fitkauli.com/debate-place/criticism/132300/
श्रेष्ठ, दयाराम (२०७८), नेपाली लघुकथा र कथाकारहरू, नेपाल प्रज्ञा-प्रतिष्ठान ।
श्रेष्ठ, हिमलाल (२०८०), नदीभैँ सलल्ल बगेको 'नदीको राजमार्ग', नागरिक, https://nagariknews.nagariknetwork.com/arts/1426379-1707377230.html
समीप, दीपक (२०८०), नदीको राजमार्ग, पेज टर्नर ।